# राष्ट्रिय तथ्यांक कार्यालय (NSO) २०८२

## गणक (Gadak) र सुपरिवेक्षक (Supervisor) पदको सम्पूर्ण मार्गदर्शन

सर्ट लिस्ट, अन्तरवार्ता तयारी, प्रश्नोत्तर र काम सम्बन्धी विस्तृत जानकारी

## १. राष्ट्रिय तथ्यांक कार्यालय - National Statistics Office (NSO)?

राष्ट्रिय तथ्यांक कार्यालय नेपाल सरकार अन्तर्गतको एउटा केन्द्रीय सरकारी निकाय हो जसले देशभरका आर्थिक, सामाजिक, जनसांख्यिक तथा अन्य महत्वपूर्ण तथ्यांकहरू संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने जिम्मेवारी बहन गर्छ। यो कार्यालय नेपालको तथ्यांक प्रणालीको मुख्य केन्द्र हो।

सरल शब्दमा भन्दा, राष्ट्रिय तथ्यांक कार्यालय भनेको नेपालको सम्पूर्ण तथ्यांकको भण्डार हो - देशमा कति **जनसंख्या छ**, **कति उद्योग छन्**, **कति रोजगारी छ**, **जीवनस्तर कस्तो छ** - यी सबैको आधिकारिक तथ्यांक यही कार्यालयले संकलन गरी सरकार, नीति निर्माता र आम नागरिकसमक्ष पुऱ्याउँछ।

यस कार्यालयले सञ्चालन गर्ने **मुख्य कार्यक्रमहरू:**

- राष्ट्रिय जनगणना (हरेक १० वर्षमा)
- राष्ट्रिय आर्थिक गणना
- कृषि गणना
- श्रम शक्ति सर्वेक्षण
- जीवनस्तर सर्वेक्षण
- उपभोक्ता मूल्य सूचकांक (CPI) प्रकाशन

## २. पदको विवरण: गणक र सुपरिवेक्षक

### २.१ गणक (Enumerator-Gadak)

गणक भनेको तथ्यांक संकलन कार्यमा खटिने फ्रन्ट लाइनको व्यक्ति हो, जो सिधै मैदानमा (Field) गएर विवरण संकलन गर्छ। उनीहरू सही तथ्यांकको पहिलो र सबैभन्दा महत्वपूर्ण स्रोत हुन्।

**गणकका मुख्य कामहरू:**

- तोकिएको क्षेत्रमा सबै बेक्ति विवरण, रोजगारी, जीवनस्तर, उद्योग, व्यापार, व्यवसाय र संघ-संस्थाहरूमा पुगी तथ्यांक संकलन गर्ने।
- ट्याब्लेट वा कागजी प्रश्नावली मार्फत बेक्ति विवरण, व्यवसायको प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवाको विवरण भर्ने।

Union Nepal

- सम्बन्धित व्यक्तिसँग अन्तरवार्ता गरी सही र सत्य तथ्यांक संकलन गर्ने।
- संकलन गरेका विवरणहरूको गोपनीयता कायम राखी कसैलाई नदिने।
- दैनिक रूपमा आफूले गरेका कामको प्रगति सुपरिवेक्षकलाई बुझाउने।
- भरिएका फारम वा डाटा कार्यालयमा सुरक्षित रूपमा बुझाउने।

### २.२ सुपरिवेक्षक (Supervisor)

सुपरिवेक्षक भनेको तथ्यांक संकलन प्रक्रियाको नेतृत्वकर्ता र गुणस्तर नियन्त्रक हो। उनीहरूको जिम्मेवारी गणकहरूभन्दा एक तह माथिको हुन्छ।

**सुपरिवेक्षकका मुख्य कामहरू:**

- आफू मातहतका गणकहरूलाई कार्यक्षेत्र पहिचान गराउने र परिचालन गर्ने।
- गणकहरूले भरेका फारमहरूमा गल्ती छ कि छैन भनेर जाँच गर्ने र त्रुटि सुधार्न लगाउने।
- फिल्डमा आउने समस्याहरू समाधान गर्न सहयोग गर्ने।
- स्थानीय तह र अन्य निकायहरूसँग समन्वय गरी गणना कार्यलाई सहज बनाउने।
- गणकले संकलन गरेको विवरण सही भएको सुनिश्चित गरी माथिल्लो निकायमा पठाउने।
- गणनाको प्रगति प्रतिवेदन तयार गरी बुझाउने।

### २.३ गणक र सुपरिवेक्षकको मुख्य फरक

गणक भनेको तथ्यांक संकलनको जग हो भने सुपरिवेक्षक त्यो जग माथि बनेको बलियो संरचना हो। गणकले सिधै मैदानमा गएर डाटा संकलन गर्छ - सुपरिवेक्षकले त्यो डाटाको गुणस्तर सुनिश्चित गर्छ। एक बिना अर्कोको काम अधुरो हुन्छ।

## ३. सर्ट लिस्ट (Short List) - कहिले र कसरी?

### ३.१ सर्ट लिस्ट कहिले प्रकाशित हुन्छ?

आवेदन दिने अन्तिम मिति पछि राष्ट्रिय तथ्यांक कार्यालयले सामान्यत - एक देखि दुई हप्ताभित्र सर्ट लिस्ट प्रकाशन गर्ने गर्दछ। विभिन्न स्रोतहरूका अनुसार सर्ट लिस्ट **फागुनको अन्तिम साता** देखि **चैतको दोस्रो साता** भित्र आउने प्रबल सम्भावना रहेको छ। **चुनावी माहोल** र **सार्वजनिक बिदाहरूका** कारण केही ढिलाइ हुन सक्छ।

### ३.२ सर्ट लिस्टको आधार (Selection Criteria)

**तपाईंको सर्ट लिस्टमा नाम पर्ने सम्भावना बढाउने मुख्य आधारहरू:**

- **शैक्षिक योग्यता:** उच्च GPA वा प्रतिशत भएकालाई बढी अंक मिल्छ।
- **स्थानीयता:** सम्बन्धित स्थानीय तह वा वडाको बासिन्दालाई प्राथमिकता।

Union Nepal

- **अनुभव:** यसअघि जनगणना, कृषि गणना वा कुनै NGO मा काम गरेको अनुभव पत्र।
- **भाषा ज्ञान:** स्थानीय भाषा बोल्न सक्नेलाई बढी चान्स।
- **प्राविधिक ज्ञान:** मोबाइल एप वा ट्याब्लेटबाट डाटा एन्ट्री गर्न जान्ने।

### ३.३ सर्ट लिस्ट कहाँ र कसरी हेर्ने?

यहि पोर्टल **Union Nepal (UnionNepal.Com)** वा राष्ट्रिय तथ्यांक कार्यालयको आधिकारिक **वेबसाइटमा** - फागुनको अन्तिम साता देखि चैतको दोस्रो साता भित्र सर्ट लिस्ट प्रकाशित हुन्छ वा । **हेर्ने तरिका:**

- आफ्नो दर्ता नम्बर (Submission Number) र नाम खोज्नुहोस् - यो नम्बर (विवरण) सुरक्षित राख्नुहोला!

सर्ट लिस्टमा तपाईंको नाम, जिल्ला, स्थानीय तह, वडा नम्बर, लिंग र प्राप्त Rank समेत उल्लेख हुन्छ। जिल्लागत रूपमा सर्ट लिस्ट प्रकाशित हुन्छ।

## ४. अन्तरवार्ता: कहाँ, कहिले र कसरी?

### ४.१ अन्तरवार्ता कहाँ हुन्छ?

अन्तरवार्ता सम्बन्धित जिल्ला तथ्यांक कार्यालयमा हुन्छ। प्रत्येक जिल्लामा एउटा जिल्ला तथ्यांक कार्यालय वा समन्वय कार्यालय रहेको हुन्छ। तपाईंले जुन जिल्लाबाट आवेदन दिनुभएको छ, त्यही जिल्लाको कार्यालयमा अन्तरवार्ता हुन्छ। यदि जिल्लामा एकभन्दा बढी कार्यालय छन् भने सर्ट लिस्टमा नै कुन कार्यालयमा हुन्छ भनेर उल्लेख हुन्छ।

**अन्तरवार्ता सम्भावित जिल्लाहरू (१८ जिल्ला):**

*काठमाडौं, मोरङ, कास्की, दाङ, कैलाली, धनुसा, रुपन्देही, पर्सा, सुर्खेत, काभ्रे, गोर्खा, बाग्लुङ, पाल्पा, इलाम, खोटाङ, जुम्ला, मकवानपुर, डोटी Etc.*

### ४.२ अन्तरवार्ता कहिले हुन्छ?

सर्ट लिस्ट प्रकाशित हुने बित्तिकै त्यही सूचनामा अन्तरवार्ताको मिति र स्थान पनि तोकिएको हुन्छ। सर्ट लिस्टमा नाम परेको एक हप्ताभित्र अन्तरवार्तामा बोलाइने छ। **फागुनको अन्तिम सम्ममा** अन्तरवार्ता हुने सम्भावना रहेको छ।

### ४.३ काम गर्ने अवधि

**छनोट भइसकेपछि तपाईंको काम २०८२ साल चैत २६ गते देखि २०८३ साल असार ८ गतेसम्म हुनेछ।**

Union Nepal

# ५. अन्तरवार्ताको तयारी: व्यावहारिक सुझावहरू

## ५.१ अन्तरवार्ता अघि गर्नुपर्ने तयारी

- राष्ट्रिय तथ्यांक कार्यालयको मुख्य उद्देश्य र संरचनाबारे थोरै अध्ययन गर्नुहोस्।
- आर्थिक गणना भनेको के हो र यसको महत्व के छ भन्ने राम्ररी बुझ्नुहोस्।
- उत्पादन, व्यापार, सेवा जस्ता आर्थिक गतिविधिबारे सामान्य जानकारी राख्नुहोस्।
- तोकिएको समयभन्दा एक घण्टा अगाडि नै पुग्नुहोस्।
- औपचारिक र सफा लुगा लगाएर जानुहोस्; दाह्री जुंगा काटेर जानुहोस्।
- सबै सक्कल प्रमाणपत्रहरू, नागरिकता, शैक्षिक प्रमाणपत्र, अनुभव पत्र र राष्ट्रिय परिचय पत्र साथ लानुहोस्।
- आफ्नो स्थानीय वडा वा पालिकाको नाम, मुख्य विशेषता र जनप्रतिनिधिको नाम थाहा राख्नुहोस्।

## ५.२ अन्तरवार्ता कोठामा छिर्दा

- कोठामा छिर्दा नम्रतापूर्वक अभिवादन (नमस्कार) गर्नुहोस्।
- बस्नको लागि अनुमति माग्नुहोस्।
- नडराइकन स्पष्ट र नम्र स्वरमा बोल्नुहोस्।
- आँखामा आँखा मिलाएर बोल्नुहोस्।
- छोटो, स्पष्ट र आत्मविश्वासपूर्ण जवाफ दिनुहोस्।
- 'हजुर', 'नमस्ते', 'धन्यवाद' जस्ता शब्दहरू प्रयोग गर्नुहोस्।

# ६. गणकको अन्तरवार्ता: सम्भावित प्रश्न र उत्तर

## आफ्नो परिचय दिनुहोस् (Self-Introduction)

**नमूना उत्तर:**

> *"नमस्कार सर/म्याम, मेरो नाम **[नाम]** हो। म **[जिल्ला]** को [पालिका/नगरपालिका] बाट आएको हुँ। मैले **[प्लस टु/स्नातक]** पास गरेको छु। मलाई तथ्यांक संकलन र फिल्ड वर्कमा काम गर्न रुचि छ। राष्ट्रिय तथ्यांक रोजगार २०८२ अन्तर्गत गणक पदका लागि आवेदन दिएको हुँ। सरकारी तथ्यांक संकलन कार्यमा इमान्दारी र जिम्मेवारीसाथ काम गर्न इच्छुक छु। धन्यवाद।"*

### प्र.२: गणकको मुख्य काम के हो?

उत्तर: घर परिवार, व्यवसाय तथा संस्थाहरूमा गई प्रश्नावली अनुसार सही तथ्यांक संकलन गर्नु हो।

Union Nepal

**प्र.३: तथ्यांक संकलन गर्दा के कुरामा ध्यान दिनुपर्छ?**

उत्तर: सत्यता, गोपनीयता, तटस्थता र सही रिपोर्ट गर्नेमा ध्यान दिनुपर्छ।

**प्र.४: कसैले जानकारी दिन मानेन भने के गर्नुहुन्छ?**

उत्तर: म पहिला नम्र रूपमा आफ्नो परिचय दिन्छु र यो सरकारी काम भएको कुरा स्पष्ट पार्छु। उहाँको जानकारी गोप्य राखिन्छ भनेर विश्वास दिलाउँछु। यति गर्दा पनि मान्नुभएन भने सुपरिवेक्षकलाई जानकारी गराउँछु।

**प्र.५: उत्तरदाताले झुटो जानकारी दिएको शंका लागेमा के गर्नुहुन्छ?**

उत्तर: तुरुन्त अनुमान गरेर लेख्दिन। शान्त रूपमा प्रश्न दोहोर्याउँछु र स्पष्ट पार्छु। आवश्यक परे अन्य परिवार सदस्यसँग कन्फर्म गर्छु। अझ पनि नभए सुपरिवेक्षकलाई जानकारी दिन्छु।

**प्र.६: घरधनी भेटिएनन् भने के गर्नुहुन्छ?**

उत्तर: छिमेकीसँग मुख्य मान्छे कति बेला घर हुनुहुन्छ भन्ने जानकारी लिन्छु र अनुकूल समयमा पुनः आउँछु। हतार गरेर गलत विवरण भर्दिन।

**प्र.७: गोपनीयता किन आवश्यक छ?**

उत्तर: गोपनीयता नभए नागरिकले सही जानकारी दिदैनन्। जसले तथ्यांकको गुणस्तर बिग्रन्छ। साथै नागरिकको व्यक्तिगत जानकारी सुरक्षित राख्नु हाम्रो कानुनी दायित्व हो।

**प्र.८: फिल्डमा अप्ठ्यारो आयो भने के गर्नुहुन्छ?**

उत्तर: आफ्नो तर्फबाट समाधान खोज्छु। नसके सुपरिवेक्षकलाई जानकारी गराउँछु।

**प्र.९: गणकमा हुनुपर्ने गुणहरू के के हुन्?**

उत्तर: इमान्दार, धैर्यवान्, सभ्य र समयपालन गर्ने हुनुपर्छ।

**प्र.१०: दबाब आयो भने के गर्नुहुन्छ?**

उत्तर: नियम अनुसार निष्पक्ष रूपमा काम गर्छु।

**प्र.११: लामो समयसम्म फिल्डमा काम गर्न सक्नुहुन्छ?**

उत्तर: हो, म शारीरिक र मानसिक रूपमा तयार छु।

**प्र.१२: पानी परेको वा कठिन ठाउँमा कसरी काम गर्नुहुन्छ?**

उत्तर: म जिम्मेवारी पूरा गर्न प्रतिबद्ध छु र जस्तो सुकै कठिन परिस्थितिमा पनि तोकिएको समयभित्र काम सम्पन्न गर्नेछु।

**प्र.१३: स्थानीय भाषाको समस्या आयो भने के गर्नुहुन्छ?**

उत्तर: सरल भाषा प्रयोग गर्छु वा स्थानीयको सहयोग लिन्छु।

Union Nepal

**प्र.१४: गणकको काम किन महत्वपूर्ण छ?**

उत्तर: गलत तथ्यांक संकलन भयो भने गलत नीति बन्छ जसले देशको विकासमा नकारात्मक असर पार्छ। त्यसैले सही तथ्यांक संकलन अत्यन्त महत्वपूर्ण हो।

**प्र.१५: तपाईं किन गणक बन्न चाहनुहुन्छ?**

उत्तर: देशको विकासमा प्रत्यक्ष योगदान दिन चाहन्छु। स्थानीय क्षेत्र र भूगोलसँग परिचित भएकाले मैले राम्रोसँग काम गर्न सक्छु।

# ७. सुपरिवेक्षकको अन्तरवार्ता: सम्भावित प्रश्न र उत्तर

## आफ्नो परिचय दिनुहोस् (Self-Introduction)

> *"नमस्कार सर/म्याम, मेरो नाम **[नाम]** हो। म **[जिल्ला]** को बासिन्दा हुँ। मैले [विषय] मा स्नातक पूरा गरेको छु। टिम समन्वय र सुपरभाइजरी कार्यमा मेरो रुचि छ। राष्ट्रिय तथ्यांक रोजगार २०८२ अन्तर्गत सुपरिवेक्षक पदका लागि आवेदन दिएको हुँ। नेतृत्व मार्फत गुणस्तरीय तथ्यांक सुनिश्चित गर्न म सक्षम छु।"*

**प्र.१: सुपरिवेक्षकको भूमिका के हो?**

उत्तर: गणकहरूको कामको निगरानी गर्ने र तथ्यांकको गुणस्तर सुनिश्चित गर्नु सुपरिवेक्षकको मुख्य भूमिका हो।

**प्र.२: गणकले राम्रो काम गरेन भने के गर्नुहुन्छ?**

उत्तर: सम्झाई बुझाई गरी सुधार गराउँछु। पहिला गल्ती के हो बुझ्छु। सामान्य गल्ती भए तुरुन्त सच्याउन लगाउँछु। ठूलो गल्ती भए फिल्डमा पुनः पठाएर सही डाटा संकलन गराउँछु।

**प्र.३: तथ्यांक सही छ कि छैन भनेर कसरी थाहा पाउनुहुन्छ?**

उत्तर: Random पुनः अन्तरवार्ता र फारम जाँचबाट निर्धारण गर्छु।

**प्र.४: टोली व्यवस्थापन कसरी गर्नुहुन्छ?**

उत्तर: कार्य विभाजन, निर्देशन र समन्वय द्वारा गर्छु।

**प्र.५: गणक र स्थानीय व्यक्ति बीच विवाद आयो भने के गर्नुहुन्छ?**

उत्तर: शान्तिपूर्वक दुवै पक्षको कुरा सुनेर समाधान गर्छु। सरकारी कामको उद्देश्य स्पष्ट पार्छु। नियम अनुसार निर्णय गर्छु।

**प्र.६: दबाब वा प्रभाव आयो भने के गर्नुहुन्छ?**

उत्तर: नियम र निर्देशन अनुसार निष्पक्ष निर्णय गर्छु।

**प्र.७: सुपरिवेक्षकमा हुनुपर्ने गुणहरू के के हुन्?**

उत्तर: नेतृत्व क्षमता, निर्णय गर्ने क्षमता र धैर्यता।

Union Nepal

**प्र.८: समयमा काम नसकिएमा के गर्नुहुन्छ?**

उत्तर: समस्या पहिचान गरी समाधान गर्छु। माथिल्लो निकायलाई रिपोर्ट गर्छु।

**प्र.९: फिल्डमा आकस्मिक समस्या आयो भने के गर्नुहुन्छ?**

उत्तर: तुरुन्त समाधान खोज्छु र माथिल्लो निकायलाई रिपोर्टिङ गर्छु।

**प्र.१०: गोपनीयता कसरी कायम गर्नुहुन्छ?**

उत्तर: नियम पालना गराएर डाटा सुरक्षित राखी दुरुपयोग हुन नदिएर गोपनीयता कायम गर्छु।

**प्र.११: गणकलाई कसरी उत्प्रेरित गर्नुहुन्छ?**

उत्तर: सहयोग, प्रोत्साहन र मार्गदर्शन द्वारा।

**प्र.१२: सुपरिवेक्षक पद किन चाहनुभयो?**

उत्तर: नेतृत्व मार्फत गुणस्तरीय तथ्यांक सुनिश्चित गर्नको लागि यो भूमिका अपनाउन चाहन्छु।

**प्र.१३: तपाईं किन उपयुक्त हुनुहुन्छ?**

उत्तर: अनुभव, नेतृत्व क्षमता र जिम्मेवारी बोधका साथ म यो काम गर्न सक्छु।

**प्र.१४: सरकारी काम प्रति तपाईंको धारणा के छ?**

उत्तर: सरकारी काम भनेको राष्ट्रसेवा हो।

**प्र.१५: सुपरिवेक्षकको रूपमा सबैभन्दा ठूलो चुनौती के हो?**

उत्तर: तथ्यांकको गुणस्तर कायम राख्नु नै सबैभन्दा ठूलो चुनौती हो।

## ८. अन्तरवार्तामा अतिरिक्त प्लस पोइन्ट पाउने ३ टिप्स

- आफ्नो वडा वा पालिकाको नाम, मुख्य विशेषता र जनप्रतिनिधिको नाम एकचोटी थाहा पाएर जानुहोस्।
- विनम्र स्वरमा उत्तर दिनुहोस् - 'हजुर', 'नमस्ते', 'धन्यवाद' जस्ता शब्दहरू प्रयोग गर्नुहोस्।
- नडराइकन ढिलो-ढिलो, स्पष्ट आवाजमा बोल्नुहोस्; जवाफ छोटो र बुझिने गरी राख्नुहोस्।

## ९. सारांश र शुभकामना

तथ्यांक संकलन भनेको देश विकासको आधार हो। तपाईंको एउटा सानो प्रयासले राष्ट्रको आर्थिक भविष्य निर्माणमा ठूलो योगदान पुग्नेछ। सर्ट लिस्टमा नाम पर्नु भनेको ५०% जागिर पक्का हुनु जस्तै हो - त्यसपछिको अन्तरवार्तामा राम्रो तयारीसाथ जानुहोस्।

Union Nepal

**यी कुराहरू सधैँ याद राख्नुहोस्:**

- आत्मविश्वासका साथ बोल्नुहोस्।
- 'नियम', 'गोपनीयता', 'जिम्मेवारी' जस्ता शब्दहरूमा जोड दिनुहोस्।
- जवाफ छोटो, मिठो र स्पष्ट राख्नुहोस्।
- यो कामलाई राष्ट्रसेवाको अवसरको रूपमा प्रस्तुत गर्नुहोस्।

---

**सम्पूर्ण अन्तरवार्ता दिने साथीहरूलाई धेरै धेरै शुभकामना!**

Union Nepal